Glipizide

**तपाईंको औषधि: ग्लिपिजाइड ___एमजी**

<u>**म यो औषधि किन प्राप्त गर्दैछु?**</u> तपाईलाई मधुमेह छ वा मधुमेहको जोखिममा छ किनकि तपाईको रगतमा चिनी अत्याधिक छ। तपाईको रगतमा अत्याधिक चिनी हुनुले मुटुको रोग, स्ट्रोक, मिर्गौला रोग, वा तपाईंको आँखा वा नशाहरूको समस्या हुन सक्छ।

<u>**म कसरी यो औषधि लिने:**</u> **हरेक दिन १ ट्याब्लेट लिनुहोस्, नास्ता अघि वा त्यसदिन तपाईंको पहिलो खाना भन्दा ३० मिनट अघि।** ट्याब्लेटलाई उही समयमा प्रत्येक दिन खानुहोस्।

<u>**मैले यो औषधि खाँदा मलाई कस्तो महशुस हुन्छ?**</u> कहिलेकाँहि औषधि सेवन गर्दा साइड इफेक्ट हुन्छन्। साइड इफेक्ट भनेको त्यस्तो कुरा हो जुन तपाईंलाई असामान्य महशुस हुनसक्छ। तपाईंको शरीरले औषधिको बानी पर्दै गर्दा ग्लिपिजाइड खाँदा केहि साइड इफेक्टहरू हुन्छन् जसमा तपाईंको शरीरलाई वाकवाकी, बान्ता, पखाला र पेट दुखाइ समावेश छन्।

केही साइड इफेक्टहरू प्राय हुँदैनन् तर प्राय धेरै गम्भीर हुन सक्छन्। **911 कल गर्नुहोस् वा ईमरजेन्सी रुममा तुरून्त जानुहोस् यदि तपाईंलाई: डाबर आएको छ, अनुहार, ओठ, जिब्रो वा घाँटी सुन्निएको छ; सास फेर्न समस्या छ वा सासको कमी छ वा तीव्र व्यायामको दौरान, कटकट दुखने, कमजोरी वा थकित महसुस हुन्छ भने।**

<u>**मलाई अरू के थाहा हुनुपर्छ?**</u>

1. तपाईंले सन्चो महशुस गरे पनि तपाईंले यो औषधि दिनदिनै लिनु पर्छ।
2. तपाईंले प्रत्येक महिना यो औषधि पुन: थप्नु पर्छ।
3. प्रशस्त पानी पिउनुहोस्।
4. तपाईको रगतमा चिनी जाँच गर्न तपाईले प्रत्येक ३ महिनामा डाक्टरलाई भेट्नु पर्छ।
5. यदि तपाइँ बिभिन्न डाक्टरको कार्यालय, मेडिकल क्लिनिक वा इमर्जेन्सी रुममा जानुहुन्छ भने, तपाईलाई उच्च रक्तचाप छ र ग्लिपिजाइड खाँदै हुनुहुन्छ भनेर उनीहरूलाई बताउनु पर्छ ।

"यो सामग्री केवल जानकारीमुलक उदेश्यको लागि हो र यसलाई विज्ञ चिकित्षीय परामर्शको रूपमा लिईनु हुँदैन। स्वास्थ्य स्थिति वा उपचारको विषयमा सँधै तपाईंको चिकित्षक वा अन्य योग्य स्वास्थ्यस्याहार प्रदायकको सल्लाह लिनुहोस्।"